# आफ्नो घर आश्रम नेपाल

**बेसाहारा र असहायहरुको लागि आशाको केन्द्र**

**AFNO GHAR ASHRAM NEPAL:** A center of hope for the hopeless.

" आफ्नो घर आश्रम एक सेवा सदन हो, जहाँ सेवालाई पूजा तथा मानव सेवालाई माधव सेवा मानिन्छ । सेवालाई उपकार होइन दायित्व मानिन्छ । आफ्नो घर आश्रम, परिवारबाट अपहेलीत, असहाय प्रभुस्वरुप पीडितहरुलाई अपनाउँदछ, जो जीवनको अन्तिम समयमा सार्वजनिक, धार्मिक स्थल तथा सडकमा वेदना तथा कष्ठ भोगिरहेका छन् । सेवा तथा ससाधनको अभावमा लाचार तथा नर्क भन्दा गाह्रो जीवन जिउन बाध्य छन् । यस्ता दीन-जन जोसंग पीडाको समयमा औषधी, भोकको लागि भोजन, शरिरको लागि कपडा त कहाँ हो कहाँ, जीवनको अन्तिम समयमा पानीसम्म पनि पाउँदैन । चोट अथवा रोग, उपचारको अभावमा गम्भीर रुप लिन सक्छ । यस्ता घाउमा उपचारको अभावमा कीरा पर्ने तथा मृत्यु पनि क्रष्टदायक हुन्छ, आम मानिसले हेर्न पनि सक्दैनन् । यस्ता अन्जान, असहाय, पीडितहरुलाई आफ्नो घर आश्रमद्वारा अपनाइन्छ ।

जीवनयापनका लागि सबै मूल आवश्यकताहरु पनि उपलब्ध गराइन्छ । आफ्नो घर आश्रमद्वारा नि:शुल्क रुपमा आश्रय, चिकित्सा सेवा, भोजन, कपडा, शिक्षा, सुरक्षाको साथै आफ्नोपन, स्नेह तथा ममतामयी सेवाहरु तथा परिवारसँग मिलन पनि गराउँदछौं । "

डा. बी.एम. भारद्वाजज्यू र उहाँकी धर्मपत्नी श्रीमती डा. माधुरी भारद्वाजज्यू द्वारा सन् २००० जुन २९ मा अपना घर आश्रम भरतपुर (राजस्थान) को विधिवत स्थापना गरी सेवा सञ्चालन गरेको यस संस्थाद्वारा वर्तमानमा भारतमा कुल ६५ वटा आश्रम सञ्चालित छ भने, जसमा अपना आश्रम भरतपुर (राजस्थान सेवा तथा विशिष्टताको दृष्टिले भारतकै सबैभन्दा ठूलो केन्द्र रहेको हो ।।

## पीडित मानव सेवामा थप सेवा विस्तार

आफ्नो घर आश्रम, नेपालले महिला प्रभुजीहरुका लागि समर्पित छुट्टै महिला विभागको सुरुवात २०८२ साल वैशाख २५ गतेदेखि गरेको छ । यो पहल पिडित, असहाय तथा बेवारिसे महिलाहरुलाई सुरक्षित आवास, आत्म-सम्मान र मानविय सेवाको सुनिश्चिततासहित पुन:स्थापनाको दिशामा गिरएको महत्वपूर्ण कदम हो ।






# 'सेवा नै जीवन हो'



## हाम्रो सेवा प्रक्रियाहरु



**१. उद्धार**
सडक वा सार्वजनिक स्थलमा अलपत्र परेका विरामी र असहायहरुको तत्काल उद्धार ।



**२. उपचार**
चिकित्सकहरु र मनोचिकित्सकहरुद्वारा आवश्यक औषधी र स्वास्थ्य सेवा प्रदान ।



**३. हेरचाह**
पोषणयुक्त खाना, सफा बसाई र मायालु वातावरणमा स्याहार-सुसार ।



**४. पुनर्स्थापना**
मानसिक र शारीरिक रुपमा स्वस्थ भएपछि परिवार पहिचान गरी घर फिर्ता पठाइने ।

## हाम्रो प्रभाव

**७९१**
**जनाको उद्धार**



स्थापनाकालदेखी हाल सम्म सडकमा कष्टकर जीवन विताइरहेका ७९१ जना व्यक्तिहरुको उद्धार गरिएको छ ।

**४९५**
**जनाको परिवारसँग मिलन**



उपचार र हेरचाहपछि पूर्ण स्वास्थ भएका ४९५ जनालाई सफलतापूर्वक आफ्नो परिवारको काखमा फर्काइएको छ ।

**१९४**
**जना हाल आश्रित**



हाल आश्रममा १९४ जना प्रभुजीहरुले स्वास्थ्य सेवा र हेरचाह प्राप्त गरिरहनु भएको छ ।

**६२**
**जिल्लामा सेवा विस्तार**



नेपालका ७७ मध्ये ६३ वटा जिल्लाका असहाय व्यक्तिहरुलाई यस आश्रमले सेवा पुऱ्याएको छ ।

**२००**
**बेडको क्षमता**



आश्रममा हाल २०० जनासम्म व्यक्तिहरुलाई आश्रय दिन सक्ने पूर्वाधार रहेको छ ।

## मुख्य मितिहरु



**स्थापना: २०७५ माघ २६**
भक्तपुरको डोलेश्वरमा यो पवित्र सेवाको सुरुवात भएको ऐतिहासिक दिन ।



**महिला आश्रम सुरुवात: २०८२ वैशाख २५**
असहाय र पीडित महिला प्रभुजीहरुको लागि समर्पित विशेष सेवाको विस्तार ।

# सहयोग र दान

## हामीसँग साझेदारी गर्नुहोस्

आश्रम पूर्णताः दाताहरुको सहयोगमा सञ्चालन हुन्छ । जन्मदिन, वर्षगाठ, पितृहरुको पुण्यतिथीमा गरिएको सहयोग प्रभुजीहरुको भोजन, औषधि र विभिन्न सेवाहरुमा उपयोग हुन्छ ।

**भवनको ३ इकाईहरुको विभिन्न सेवा संकल्प, जसमा तपाईं पनि सहभागी हुन सक्नु हुनेछ ।**

| | |
|---|---|
| बिहान वा साझँको नास्ता<br>रु. २,५०० प्रति इकाई / प्रति दिन | दिउँसो वा रातिको खाना (प्रति छाक)<br>रु. ४,००० प्रति इकाई / प्रति दिन |
| एक दिनको सम्पूर्ण खाना खाजा (२-२ पटक)<br>रु. १३,००० प्रति इकाई / प्रति दिन | व्यक्तिगत सहायता<br>रु. ३,१०० प्रति आश्रित/प्रति महिना |
| चिकित्सा सेवा (डाक्टर र औषधि)<br>रु. ६०,००० प्रति महिना | फिजियोथेरापी<br>रु. १०,००० प्रति महिना |

**वार्षिक सहयोग**

1 YEAR

रु. ३७,२००

रु. ३१०० x १२ महिनाः एक प्रभुजीलाई वर्षभरिको सहयोग




**उद्धार सूचनाको लागिः** यदि तपाईंले सडकमा कुनै परित्यक्त, अलपत्र, असहाय वा मानसिक रुपले पीडित मानव देख्नुभएको छ भने, कृपया तुरुन्तै हाम्रो उद्धार लाइनमा फोन गर्नुहोला । हाम्रो टोली दिनको २४ घण्टा, हप्ताको ७ दिन सेवा दिन तयार छ ।
सम्पर्क नं. ०१-५१५७०७७, ९८५१०६४५२१, ९८०२०३०७७७, ९८०२०३०८८८

# सहयोगका लागि

## बैंक र QR को विवरण

खाताको नाम : Aaphno Ghar Ashram Nepal
बैंक : Global IME Bank Limited
शाखा : Newroad, Kathmandu
खाता नम्बर : 17401010000572
स्विफ्ट कोड : GLBBNPKA

हस्तान्तरण गरेपछि, कृपया भौचर WhatsApp गर्नुहोस्:
श्री विजय कुमार अग्रवाल (चौधरी) - +९७७ ९८५१०६४५२१
अथवा श्री के. के. गोयलजी - +९७७ ९८५१०५०४६८




स.क.प.: ४३०७६
जिल्ला द. नं. ५४७/०७२/०७३

सेवा नै जीवन हो

"पीडित मानव सेवाको पावन तीर्थ"

# आफ्नो घर आश्रम नेपाल

डोलेश्वरधाम सूर्यविनायक न.पा. - ८, भक्तपुर, नेपाल
सम्पर्क नं. ०१-५१५७०७७, ९८०२०३०७७७, ९८०२३४२७७१, ९८५१०६४५२१
Email: aaphnogharashram@gmail.com
Website: afnogharashram.org.np

निराशाहरूको लागि एउटा घर